# आर्थिक वर्ष २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम

सम्मानित नगर सभाका सदस्य ज्यूहरु,
नगर सभाका सचिव ज्यू,
राष्ट्रसेवक कर्मचारीज्यूहरु,
पत्रकार मित्रहरु, सामाजिक सञ्जाल र मिडियाबाट जोडिनुभएका महानुभावहरु,

१. नेपाली जनताको लामो त्याग, तपस्या र बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था बमोजिम गठन भएको रोल्पा नगरपालिका, नगर सभाको १९ औं अधिवेशनमा आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ ।

२. सर्वप्रथम रोल्पा नगरपालिका, नगरसभाको १९ औं अधिवेशनमा यहाँहरु सबैलाई हार्दिक स्वागत एवं धन्यवाद व्यक्त गर्दछु । यस अवसरमा नेपाल राष्ट्रको रक्षा, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवम् मुलुकको सर्वाङ्गीण विकास, समृद्धि र अग्रगमणको लागि विभिन्न समयमा भएका राजनीतिक क्रान्ति, सशस्त्र सङ्घर्ष एवम् आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात सहिदप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । घाईते, योद्धा, बेपत्ता नागरिक र तिनका परिवारप्रति उच्च सम्मान व्यक्त गर्दछु । देशमा राजनीतिक परिवर्तनको लागि नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेतागणसहित सम्पूर्ण नेपालीमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

३. रोल्पा नगरपालिका, नगरबासीको सर्वाङ्गीण विकाससँगै समृद्धि सुशासन विकासको अपेक्षालाई उपलब्ध स्रोत-साधनको समुचित प्रयोग गर्दै नगरबासीको आंकाक्षा पूरा गर्न दृढ संकल्पित रहेको कुरा यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु ।चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा टेकेर नगरको आर्थिक, सामाजिक, साँस्कृतिक विकासका उद्देश्य, लक्ष्य, रणनीति र कार्यनीति सहितको स्पष्ट विकासको खाका निर्धारण गरी एकीकृत सहरी विकास योजना कार्यान्वयन गर्न यो नीति तथा कार्यकम निर्देशित छ । आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न पक्षलाई मुख्य मार्गनिर्देशकको रुपमा लिइएको छ ।

(क) नेपालको संविधान-२०७२
(ख) स्थानीय सरकार सञ्चालन ऐन-२०७४
(ग) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन-२०७४
(घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन-२०७४
(ङ) नेपाल सरकारको नीति तथा कार्यक्रम (आ.व. २०८३/०८४)
(च) लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व. २०८३/०८४)
(छ) रोल्पा नगरपालिकाको आवधिक योजना (आ.व. २०७९/०८०-२०८३/०८४)
(ज) लुम्बिनी प्रदेश सरकारको दोस्रो आवधिक योजना (आ.व. २०८१/०८२-२०८५/०८६)
(झ) नेपाल सरकारको सोह्रौं आवधिक योजना (आ.व. २०८१/०८२-२०८५/०८६)
(ञ) निर्वाचनको घोषणापत्र र विभिन्न सरकारी तथा गैरसकारी संघ-संस्था, बुद्धिजीवी, विषय विज्ञ, व्यवसायी, समाजसेवी, पेशाकर्मी, कर्मचारी, सञ्चारजगत तथा आम नगरबासीहरूबाट प्राप्त राय, सुझावहरू।

४. रोल्पा नगरपालिका लोकतन्त्रका आधारभूत मूल्य, मान्यता, बहुलवाद खुला समाज, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसाथ गर्दै विधिको शासनप्रति पूर्ण प्रतिबद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिको रुपमा स्थापित गर्ने कुरामा रोल्पा नगरपालिका हरपल प्रयत्नशील रहेको छ । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूती सबै नगरबासीले गर्न सकुन् भन्नेमा हामीहरु अत्यन्त सचेत छौ। नगरको

भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न नगरपालिका दृढ रहेको छ ।

५. रोल्पा नगरपालिका, रोल्पाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमको लक्ष्य: ***"रोल्पा नगर सुशासन र समृद्धिको आधार: कृषि, शिक्षा, पर्यटन र पूर्वाधार"*** रहेको छ ।

सम्मानित नगरसभाका सदस्यज्यूहरु,

६. रोल्पा नगरपालिकाको विकास प्रयासमा संघीय सरकार, प्रदेश सरकार र दातृ संस्थाहरुको साझेदारी र सदभाव रहेको छ । गत वर्ष असार ९ मा यसै सम्मानित नगर सभामा प्रस्तुत गरेको नीति तथा कार्यक्रमको उपलब्धि र त्यसबाट भएको प्रगतिको अवस्था समेतलाई टेकेर आर्थिक, सामाजिक, साँस्कृतिक विकासका उद्‌देश्य, लक्ष्य, रणनीति र कार्यनीति सहितको स्पष्ट विकासको खाका निर्धारण गरिएको थियो । सोहि अनुसार कामहरु समेत परिणाममूखी भइरहेका छन । स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली **(LGPAS)** मा (७७.३ अङ्क) र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लै.स.सा.स.) मूल्याङ्कनमा ९२ अंक प्राप्त गर्नुले पनि नगरपालिकाको अवस्थामा थप सुधारको अवस्था देखिएको छ ।

७. रोल्पा नगरपालिकाको जनप्रतिनिधिको रुपमा हामी निर्वाचित भएको चौथों  वर्ष सम्म हाम्रो कार्यकाल उत्साहपूर्ण रहेको छ । हरेक दिन नयाँ सोच र नयाँ जोस जाँगरका साथ नयाँ काम गर्ने शैलीले रोल्पा नगरको स्थानीय सरकार प्रति नगरबासीहरुमा आशा र उत्साहको संञ्चार भएको छ । सबै वडा कार्यालयहरु सवलिकरण भई सार्वजनिक सेवा प्रवाहमा प्रविधिमैत्री र आधुनिक हुने क्रममा रहेका छन । नगरबाट प्रवाह हुने सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता कायम गर्ने समयँ समयमा सार्वजनिक सुनुवाई गरी जनताका गुनासो र सुझावहरु संकलन गर्ने तथा त्यसबाट थप सुधार गर्ने प्रयत्न समेत भइरहेको छ । यसर्थ रोल्पा नगरपालिकाको हाम्रो कार्यकाल नगरबासीका अभिभावक तथा नीति निर्माणकर्ताको रुपमा, समृद्ध रोल्पा नगरको सपना पुरा गर्ने उच्च महत्वका साथ अनवरत रुपमा नगरबासीको सेवामा तत्पर छ ।

सम्मानित नगरसभाका सदस्यज्यूहरु,

अब म यस नगरपालिकाले आर्थिक विकास विकास अन्तर्गत कृषि, पशुपंछि, सहकारी, रोजगारी, उद्‌यम विकास एवं  पर्यटन तर्फ आगामी आर्थिक वर्ष २०८३/०८४ मा लिने नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

१. सिंचाइयुक्त जमिन, उत्पादनमुखी कृषि" भन्ने नारासहित सिंचाइ सुविधा भएका क्षेत्रहरूमा तरकारी तथा फलफूल उत्पादनलाई विशेष प्राथमिकता दिइनेछ। कृषि उपजमा आधारित हाटबजार सहजीकरण तथा अनुदान कार्यक्रमलाई निरन्तरता दिँदै पकेट विकास कार्यक्रमलाई थप परिमार्जन र विस्तार गरिनेछ। कृषि एम्बुलेन्स सेवालाई सुदृढ गरी मागमा आधारित "कृषि तथा रोजगारी सिर्जना" कार्यक्रम सञ्चालन गरिनेछ। नगरपालिकालाई दुध, मासु र तरकारी उत्पादनमा आत्मनिर्भर बनाउन व्यावसायिक कृषि तथा पशुपालन प्रवर्द्धन गरिनेछ।

२. एक वडा, एक मुख्य पहिचान, नवप्रवर्दन नीति: कृषिको विशिष्टीकरण मार्फत आय आर्जन बढाउन वडा नं. १ माहुरी पकेट, २ नं वडा तरकारी पकेट क्षेत्र ,३ नं वडा मकै पकेट क्षेत्र , ४ नं वडा सुन्तला जातको फलफूल पकेट क्षेत्र , ५ नं वडा माहुरी पकेट क्षेत्र , ६ नं वडा मकै पकेट क्षेत्र , ७ नं वडा तरकारी पकेट क्षेत्र ,८ नं वडा आलु पकेट क्षेत्र ,९ नं मसलाबाली, फलफुल पकेट क्षेत्र ,१० नं आलु पकेट क्षेत्र घोषणा गरी थप व्यवसायिकीकरण गरिनेछ।

३. प्राङ्गारिक नगरको अवधारणा: रासायनिक मलको निर्भरता घटाउन व्यावसायिक रूपमा हरियो मल उत्पादन गर्ने कृषकलाई प्रोत्साहन अनुदान दिइनेछ। वन क्षेत्रको सोतर र मिचाहा वनस्पति प्रयोग गरी बायोचार उत्पादन प्रवर्द्धन गरिनेछ।

४. कृषि सडक **(फार्म-टु-मार्केट रोड्स):-** नगरभित्रका उत्पादित कृषि उपजलाई मुख्य सडक सञ्जालसँग जोड्न प्राथमिकीकरणका आधारमा कृषि सडकको स्तरोन्ती गरिनेछ।

५. उत्पादनमा आधारित पशुपालन अनुदान प्रणाली: नगरका घरधुरीलाई लक्षित गरी निर्वाहमुखी पशुपालनलाई व्यावसायिक रूपान्तरण गर्न उन्नत जातका बाख्रा, (कुखुरा र स्थानीय गाई/भैंसी पालनका लागि "उत्पादनमा आधारित अनुदान प्रणाली" लागू गरिनेछ। डिजिटल प्रणालीमार्फत पशु बिमा प्रिमियम अनुदान भुक्तानी सहज बनाइनेछ।

६. आफ्नै देशमा कृषि उद्यम गर्न चाहने युवाहरूलाई प्रोत्साहन गरिनेछ। यसका लागि युवाहरूले दर्ता गर्ने कृषि फार्म तथा कृषि व्यवसायको व्यवसाय दर्ता शुल्कमा नियमानुसार छुट तथा आवश्यक प्राविधिक सहयोग प्रदान गर्ने नीति अवलम्बन गरिनेछ।

७. नगरपालिकामा रहेका आर्थिक सशक्तीकरणका लागि महिलाको नाममा दर्ता भएका व्यावसायिक कृषि र उद्यम फर्मलाई सहुलियतपूर्ण सुविधाहरुको व्यवस्था मिलाइनेछ।

८. वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सीप र पूँजीलाई कृषि क्षेत्रमा आकर्षण गर्न "युवा कृषि उद्यमशीलता प्रवर्द्धन कार्यक्रम" मार्फत परियोजना धितोमा सरल कर्जा उपलब्ध गराउन समन्वय गरिनेछ। साना तथा मझौला उद्योग र कृषि ऋणको जोखिम भार घटाउन सङ्घीय नीति अनुरूप पहल गरिनेछ।

९. रैथाने कृषि प्रशोधन र प्रविधि हस्तान्तरण: रैथाने कृषि उत्पादनहरू (जस्तै: कोदो, फापर, जौ, र स्थानीय सिमी) को ब्रान्डिङ र प्याकेजिङ्का लागि महिला उद्यमीहरूको नेतृत्वमा स्थानीय स्तरमै घरेलु प्रशोधन केन्द्र स्थापना गर्न प्राविधिक सहयोग दिइनेछ। दलित तथा सीमान्तकृत समुदायको आरन, काठका भाँडाकुँडा, र डोको-नालो बुन्ने व्यवसायलाई आधुनिक रूपान्तरण गर्न प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ।

१०. कृषक मोबाइल परामर्श सेवा: कृषकहरूलाई खेतबारीमै प्राविधिक सेवा पुऱ्याउन प्रत्येक वडामा कृषि/पशु प्राविधिकको उपलब्धता सुनिश्चित गरी "कृषक मोबाइल परामर्श सेवा" सञ्चालन गरिनेछ।कृषिजन्य निकासीमा लाग्ने दस्तुर शत प्रतिशत छुट दिइनेछ ।

११. नगरपालिकाभित्र व्यबसायीक पशुपालनको लागि किसानको घरदैलो तथा गोठसम्म पुग्ने व्यवस्था मिलाई पशु उपचार सेवालाई छरितो, प्रभावकारी र प्रविधिमैत्री बनाइनेछ। नश्ल सुधारसम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ। किसानहरूलाई तालिम, प्राविधिक सहायता, बिमा तथा बजारीकरणमा आवश्यक सहयोग र अनुदान उपलब्ध गराइनेछ।

१२. सहकारी नियमावली नगरपालिका क्षेत्रभित्र सञ्चालित सबै सहकारी संस्थाहरूको सञ्चालक समिति र निर्णय प्रक्रियामा महिलाको प्रतिनिधित्व अनिवार्य गर्ने गरी सहकारी नियमावली परिमार्जन गरिनेछ।

१३. वैदेशिक रोजगारीमा रहनुभएका नगरबासी दाजुभाइ तथा दिदीबहिनीहरूबाट प्राप्त विप्रेषण आयलाई उत्पादनशील, उद्यमशील र आयआर्जनमुखी क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१४. श्रम स्वीकृतिको कार्यलाई नगरपालिकाको रोजगार सेवा केन्द्रबाट व्यवस्थित रुपमा सहजिकरण गरिनेछ । श्रम स्वीकृति लिई श्रम स्वीकृतिको अबधि भित्र वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका श्रमिकको परिवारलाई आर्थिक सहायता र मृतकका सन्ततिको छात्रवृत्तिका लागि वैदेशिक रोजगार बोर्ड र कन्सुलर विभागमा आवश्यक समन्वय र सहजिकरण गरिनेछ । नगरपालिकाको रोजगार सेवा केन्द्रद्वारा आन्तरिक रोजगारी सिर्जना तथा प्रवर्द्घन गर्न आवश्यक व्यवस्था गरिनेछ ।
१५. सुरक्षित आप्रवासन कार्यक्रम **(सामी)** लाई नगरपालिकाको रोजगार, उद्यमशीलता, सीप विकास र सामाजिक संरक्षणका कार्यक्रमहरूसँग आवद्ध गरी थप प्रभावकारी बनाइनेछ। वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको सीप, अनुभव, पूँजी र सम्पर्क सञ्जाललाई स्थानीय विकाससँग जोड्न रिटर्नी माइग्रेन्ट सीप अभिलेख प्रणाली तयार गरी कृषि, पशुपालन, पर्यटन, लघुउद्यम, सेवा व्यवसाय तथा स्थानीय उत्पादन प्रवर्द्धनमा संलग्न गराइनेछ।
१६. आप्रवासी कामदार तथा तिनका परिवारको हक–अधिकार संरक्षणलाई प्राथमिकतामा राखी, प्रदेश सरकार, वैदेशिक रोजगार बोर्ड तथा संघीय सरकारसँग समन्वय र लागत साझेदारीमा सुरक्षित वैदेशिक रोजगार सूचना, न्यायिक सहजीकरण, मनोसामाजिक परामर्श, वित्तीय साक्षरता तथा सीप अभिवृद्धिसम्बन्धी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

१७. स्थानीय स्तरमा रहेका कच्चा पदार्थको अवस्थाको आकलन गरी समुदायको मागको आधारमा व्यवसाय सञ्चालन गर्न आवश्यक सीप विकास तालिमको व्यवस्था गरिनेछ । गरिबी निवारणको क्षेत्रलाई लक्षित वर्गमा केन्द्रित गरिनेछ । गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत रोजगारी शिर्जना गर्न प्रविधि विस्तार, बजारीकरण पहुँच तथा प्रविधि हस्तान्तरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१८. नगर क्षेत्रभित्र मनाइने विभिन्न धार्मिक तथा सांस्कृतिक चाड, पर्व, जात्रा, मेला तथा उत्सबहरुको संरक्षण र प्रवर्दन गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ। विभिन्न जातजाति, भाषा, लिङ्ग, सम्प्रदायहरुको उत्थान तथा विकासका कार्यक्रमहरु संचालन गरिनेछ । स्थानीय कला र संस्कृतिलाई स्थानीय उत्पादनसंग जोडी स्वरोजगार कार्यक्रम मार्फत आर्थिक उपार्जन गर्ने माध्यमको रुपमा विकास गरिनेछ ।

१९. भालुबाङ**-**लिबाङ**-**थबाङ**-**रुकुमकोट सडकलाई संघ र प्रदेश सरकारको सहकार्यमा पर्यटकीय करिडोरको रुपमा विकास गरिनेछ र यस करिडोरको मध्यविन्दुमा रहेको सातदोबाटो- लिबाङ बजार क्षेत्रलाई **"**ट्रान्स हिमालयन हिल स्टेशन**"** को रुपमा विकास गरिनेछ। हिल स्टेशन क्षेत्रलाई गुलाब फूलको सौन्दर्य, सरसफाइ, स्तरीय भोजन र आवस, गन्तव्य प्रवर्दन, स्थानीय साँस्कृति, कोशेली शहरी सजावटसहित विशिष्ट पहिचान बोकेको पर्यटकीय बजारका रूपमा रूपान्तरण गरिनेछ। नगरस्तरीय पर्यटन प्रवर्द्धन समिति गठन गरिनेछ ।

२०**.** "रोल्पा घुम्न आउ **(Welcome to Rolpa) "** भन्ने नारासहित नगर क्षेत्रका गुरुङगाउँ सामुदायिक होमस्टे, सातदोबाटो, चुनारेभिर, घामतारा, दार्बोट, प्रभुकुटी, ङर्कबाङ्ग जलाश्य, कालिपोखरी, तिलाचौर युद्धक्षेत्र, तामाखानी, ओख्रेनी लगायतका पर्यटकीय, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरूलाई समेटी एकीकृत पर्यटन सर्किट विकास गरिनेछ।

२१. समुदायको सक्रिय सहभागितामा नगरपालिकाभित्रका टोलहरूलाई क्रमशः पूर्ण सरसफाइयुक्त टोल घोषणा अभियान संचालन गरिनेछ। यसका लागि टोल सुधार समितिको आवस्यक्ता अनुसार पुनर्गठन गरी काम, कर्तव्य र जिम्मेवारी स्पष्ट गर्दै मासिक वैठक प्रवन्ध गरी सरसफाइ, फोहोरमैला

व्यवस्थापन, हरियाली प्रवर्द्धन, सार्वजनिक सम्पत्तिको संरक्षण तथा सामाजिक सचेतनाका गतिविधिहरूलाई नियमित रूपमा सञ्चालन

२२. रैथाने खाम भाषाको संरक्षण: मगर समुदायको बाहुल्यता रहेको यस नगरको रैथाने खाम भाषाको संरक्षण र सम्वर्द्धनका लागि स्थानीय पाठ्यक्रम निर्माण गरी पठन पाठनको व्यवस्था गरिनेछ।

२३. सांस्कृतिक सीप हस्तान्तरण प्रशिक्षण: नगरको पहिचान बोकेका परम्परागत मौलिक कला र संस्कृतिहरू जस्तै: पैसेरु, सोरठी, लोकवाङ्गी (भुमे) र सारङ्गी नाचको पुस्तान्तरणका लागि संस्कृतक पर्यटन महोत्सव र "सांस्कृतिक सीप हस्तान्तरण प्रशिक्षण कार्यक्रम" सञ्चालन गरिनेछ।नगरपालिका भित्रका संग्राहलयहरुको स्तरोन्नती गरिनेछ । सातदोबाटोमा अबस्थित जन युद्ध संङ्ग्रहालयलाई अध्ययन केन्द्रको रुपमा विकास गरिनेछ ।

२४. नगर सांस्कृतिक महोत्सव तथा रैथाने झाँकी प्रदर्शनी: दशैँ, तिहार, तीज, माघे सङ्क्रान्ति र भुम्या जस्ता प्रमुख पर्वहरूका अवसरमा सांस्कृतिक सहिष्णुता र पर्यटन प्रवर्द्धनका लागि वार्षिक रूपमा "नगर सांस्कृतिक महोत्सव तथा रैथाने झाँकी प्रदर्शनी" आयोजना गरिनेछ।

२५. समुदायमा आधारित होमस्टेसँगै निजी होमस्टे सञ्चालनलाई समेत प्रोत्साहन गरी रैथाने खाना मौलिक संस्कृतिक र कोशेली घर संचालन स्थानीय रोजगारी, आयआर्जन र पर्यटन प्रवर्द्धनलाई थप सुदृढ बनाइनेछ। स्थानीय स्तरमा उत्पादित परम्परागत हस्तकला, बुनाइजन्य सामग्रीहरू जस्तै राडीपाखी, अल्लोका कपडा तथा काष्ठकलालाई कोशेलीका रूपमा विकास गरी बजार प्रवर्द्धन गरिनेछ।

२६. स्थानीय उत्पादनलाई कोसेली तथा मायाको चिनोका रूपमा प्रयोग गर्ने व्यवस्था मिलाइनेछ। साथै, उक्त उत्पादनहरूको ब्रान्डिङ, प्याकेजिङ, प्रचार–प्रसार र बजारीकरणका लागि आवश्यक सहजीकरण गरिनेछ।

२७. नियामक निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गरी खाद्य पसल गुणस्तर, सहकारी संस्था, औषधि पसल माशु पसल, तरकारी फलफुल पसल तथा अन्य अत्यावश्यक सेवा–व्यवसायहरूको नियमित बजार अनुगमन गरिनेछ। अनुगमन कार्यलाई थप व्यवस्थित, पारदर्शी र परिणाममुखी बनाउन सूचकमा आधारित मूल्याङ्कन प्रणाली लागू गरिनेछ।

सम्मानित नगर सभाका सदस्यज्यूहरु ,
अब म समाजिक विकास अन्तर्गत स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई, युवा खेलकुद, लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फ आर्थिक वर्ष २०८३/०८४ का लागि निर्धारण गरिएका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

२८. महिला विरुद्घ हुने सबै प्रकारका भेदभाव अन्त्य सम्बन्धी महासन्धि, बेइजिङ घोषणापत्र बालबालिकाको अधिकारसम्बन्धी अभिसन्धि तथा अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी अभिसन्धिलाई स्थानीयकरण गरिने नेपाल सरकारको नीतिलाई व्यवहारिक बनाइनेछ । हिंसा पीडितका लागि कानुनी सहायता र पुनर्स्थापना सेवा सुदृढ गरिनेछ। सार्वजनिक संरचनाहरूलाई पूर्ण रूपमा अपाङ्गतामैत्री बनाइनेछ।

२९. ज्येष्ठ नागरिकहरूलाई सार्वजनिक सेवा प्रवाहमा प्राथमिकता दिँदै आवश्यक सहुलियत तथा सम्मानजनक सेवाको व्यवस्था गरिनेछ। उहाँहरूको ज्ञान, सीप र अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।ज्येष्ठ नागरिक मिलन केन्द्रहरू स्थापना तथा सञ्चालन गरिनेछ।

३०. सुनौला हजार दिन कार्यक्रमलाई स्वास्थ्य, पोषण, सरसफाइ, महिला सशक्तीकरण र सामाजिक सुरक्षाका कार्यक्रमसँग एकीकृत गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। गर्भवती तथा सुत्केरी महिलाहरूको स्वास्थ्य सुरक्षालाई प्राथमिकता दिँदै स्वास्थ्य जाँच सेवा विस्तार गरिनेछ। बर्थिङ सेन्टरहरूको सुदृढीकरण गरिनेछ। "सुनौला हजार दिनका आमाहरूका लागि पोषण कोशेली" कार्यक्रमलाई निरन्तरता दिँदै मातृ–शिशु स्वास्थ्य, पोषण सुधार र सुरक्षित मातृत्वलाई नगरको प्राथमिक कार्यक्रमका रूपमा अघि बढाइनेछ।

३१. नगरपालिकाको सबै वडामा रहेका आधारभूत स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकीहरूको स्तरोन्नति गरी आवश्यक औषधि, उपकरण र दक्ष स्वास्थ्यकर्मीको उपलब्धता बाह्रै महिना सुनिश्चित गरिनेछ।

३२. घुम्ती स्वास्थ्य सेवा टोली: अपाङ्गता भएका नागरिकहरू, ज्येष्ठ नागरिक र असहायका लागि घरदैलोमै पुगेर आधारभूत स्वास्थ्य सेवा र पुनःस्थापना (Rehabilitation) सम्बन्धी परामर्श उपलब्ध गराउन "घुम्ती स्वास्थ्य सेवा टोली" परिचालन गरिनेछ।

३३. खानेपानीको सुविधा नपुगेका घर, विद्यालय, स्वास्थ्य चौकीहरुलाई प्राथमिकतामा राखि स्वच्छ तथा स्वस्थ्य खानेपानीको धारा जडान गरिनेछ ।"एक घर एक धारा: सरकारको अभिभारा" भन्ने नारालाई सार्थक बनाउन नगरपालिकाको आन्तरिक स्रोत र संघीय तथा प्रदेश सरकारको स्रोत परिचालनका लागी समन्वय गरिनेछ । विकास साझेदार निकायहरुसंग समन्वय गरी पूर्ण सरसफाई कार्यक्रमको विस्तार गरिने नीतिलाई प्राथमिकतामा राखिनेछ ।वडा नं ४ को लिवाङ वजारमा पूर्ण सरसफाई अभियान संचालन गरिनेछ ।

३४. इलेक्ट्रोनिक मेडिकल रेकर्ड **(EMR)/EHMIS :** स्वास्थ्य क्षेत्रमा डिजिटल प्रणालीको विकास गर्न सबै स्वास्थ्य संस्थाहरूमा "इलेक्ट्रोनिक मेडिकल रेकर्ड (EMR)/EHMIS " प्रणाली क्रमशः लागू गरी बिरामीको विवरण सुरक्षित राखिनेछ। स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यकर्मीको उपस्थिति र आचरण सुनिश्चित गर्न क्लिनिकल अडिट गरिनेछ।

३५. सङ्घीय स्वास्थ्य बीमा कार्यक्रममा साझेदारी: महिला घरमूली भएका र विपन्न परिवारका सदस्यहरूलाई गम्भीर प्रकृतिका रोगको उपचारका लागि थप आर्थिक भार पर्न नदिन संघीय स्वास्थ्य बीमा कार्यक्रममा नगरपालिकाका तर्फबाट साझेदारी/प्रोत्साहन गरिनेछ।

३६. निःशुल्क स्वास्थ्य शिविर तथा स्क्रिनिङ: नसर्ने रोगहरू (उच्च रक्तचाप, मधुमेह, क्यान्सर आदि) रोगहरूको प्रारम्भिक पहिचानका लागि लक्षित वर्गका लागि निःशुल्क स्वास्थ्य शिविर, स्क्रिनिङ र टेलिहेल्थ परामर्श कार्यक्रम सञ्चालन गरिनेछ।

३७. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका प्रोत्साहन: नगरका कुना-कुनामा स्वास्थ्य सचेतना फैलाउन अहोरात्र खटिने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू को मनोबल बढाउन वार्षिक प्रोत्साहन भत्ता र क्षमता विकास तालिमको व्यवस्था गरिनेछ।

३८. खानेपानी मुहान संरक्षण: खानेपानीका मुहानहरूको दीर्घकालीन संरक्षणका लागि मुहान वरपर वृक्षारोपण गर्ने, जलाधार क्षेत्र को संरक्षण गर्ने र पानीको शुद्धता नियमित परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

३९. फोहोरमैला वर्गीकरण र जरिवाना निर्देशिका: लिबाङ बजार तथा बढी भीडभाड हुने अन्य वडाहरुका खोलानाला र सार्वजनिक स्थलमा फोहोर फाल्ने कार्यलाई पूर्ण निषेध गरी "फोहोरमैला वर्गीकरण र जरिवाना निर्देशिका" कार्यान्वयन गरिनेछ।

४०. सुर्तीजन्य र मदिराजन्य पदार्थ नियन्त्रण: सुर्तीजन्य र मदिराजन्य पदार्थहरूको सार्वजनिक स्थलमा प्रयोग र बिक्री-वितरणलाई कानुनी रूपमा नियन्त्रण र तोकिएको मापदण्ड पालना नगर्नेलाई कानुन बमोजिम कारबाही गरिनेछ।

४१. प्रारम्भिक बालविकास कक्षा देखि सामुदायिक बिद्यालयको गुणस्तर अभिवृद्धि गरी क्रमश: आधारभूत तथा माध्यमिक बिद्यालयको नतिजा सुधार गर्न बालविकास कक्षाहरुलाई सिकाई मुलक बनाउनका लागि जनशक्ति, शिक्षण सिकाई क्रियाकलाप, शैक्षिक पूर्वाधार पक्षको सुधार गरिनेछ । सामुदायिक विद्यालयका शिक्षकहरूमा शिक्षक अनुशासन, पेशागत सदाचारिताको प्रवर्द्धन गरिनेछ । विद्यार्थी, शिक्षक, अभिभावक समन्वय तथा सहकार्यका लागी  विद्यार्थी, शिक्षक, अभिभावक सचेतना तालिम सञ्चालन गरिनेछ ।

४२. प्रविधिमैत्री विद्यालय अभियान अन्तर्गत नगरभित्रका ११ माध्यमिक र ५५ आधारभूत विद्यालयमा क्रमशः कम्प्युटर ल्याब, इन्टरनेट, आवश्यक डिजिटल सामग्री तथा प्राविधिक जनशक्ति व्यवस्थापन गरिनेछ। साथै, कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरूका लागि कृत्रिम बुद्धिमत्ता (एआई) साक्षरता अभियान मार्फत ए.आई. साक्षरता, च्याटबोट प्रयोग र नैतिक ए.आई. सम्बन्धी कार्यशाला सञ्चालन गरिनेछ।

४३. ड्रप-आउट शून्य रणनीति र शैक्षिक प्रोत्साहन: विद्यालय छाड्ने (ड्रप आउट) दरलाई शून्यमा झार्न र विपन्न, दलित तथा अनाथ बालबालिकाहरूलाई विद्यालयमा टिकाई राख्न "विशेष प्रोत्साहन भत्ता र शैक्षिक सामग्री वितरण" कार्यक्रम सञ्चालन गरिनेछ।

४४. “हरेक शुक्रबार सिर्जनावार (क्रिएटिभ फ्राइडे) ” अन्तर्गत अभिभावकहरूको सहभागितामा सीपमूलक शिक्षा र अभिभावक शिक्षा मार्फत “मेरो विद्यालय : मेरो जिम्मेवारी” अभियान सञ्चालन गरिनेछ।परम्परागत तथा आधुनिक खेलकुदको विकास र प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४५. विद्यार्थीहरूलाई अध्ययनसँगै सीप, उद्यमशीलता र आयआर्जनमा जोड्न “अध्ययनसँगै आयआर्जन” नीति अवलम्बन गरिनेछ। यस अन्तर्गत विद्यालय तथा क्याम्पस तहका विद्यार्थीहरूलाई स्थानीय सम्भावनामा आधारित सीपमूलक तालिम, उत्पादनमूलक अभ्यास, प्रविधि प्रयोग, कृषि, हस्तकला, डिजिटल सीप तथा साना उद्यमसँग जोड्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ। कमाउदै सिक्दै अवधारणालाई परीक्षणको रुपमा टिमुर र फर्सीको विया विद्यालय मार्फत विक्रिवितरणको प्रवन्ध गरिनेछ ।

४६. छात्रा सुरक्षा र महिनावारी स्वच्छता: सबै माध्यमिक विद्यालयहरूमा छात्रा सुरक्षा र महिनावारी स्वच्छता व्यवस्थापनका लागि सेनेटरी प्याड वितरण मेसिन र प्रजनन् स्वास्थ्य सम्बन्धी परामर्श सेवा अनिवार्य गरिनेछ।

४७. प्रौढ महिलाहरूका लागि कार्यात्मक साक्षरता (फङ्क्शनल लिटरेसी) र वित्तीय साक्षरता (फाइनान्सियल लिटरेसी) कक्षाहरू सञ्चालन गरिनेछ। डिजिटल डिभाइड (डिजिटल डिभाइड) कम गर्न माध्यमिक तहका छात्राहरूका लागि विशेष कम्प्युटर साक्षरता बुटक्याम्पहरू सञ्चालन गरिनेछ।

४८. विद्यालय व्यवस्थापन र शिक्षक सक्षमता: विद्यालय व्यवस्थापन समिति र अभिभावक-शिक्षक संघ लाई थप जिम्मेवार बनाई विद्यालयको दैनिक गतिविधिमा अभिभावकहरूको निगरानी बढाउने प्रणाली विकास गरिनेछ।

४९. जीवनोपयोगी स्थानीय पाठ्यक्रम (लोकल करिकुलम): कुल ३५,३७६ जनसंख्या मध्ये विद्यालय उमेर समूहका बालबालिकाहरूका लागि गुणस्तरीय र जीवनोपयोगी स्थानीय पाठ्यक्रम तयार गरी

राष्ट्रिय भावना र स्थानीय पहिचान झल्किने गरी लागू गरिनेछ। कक्षा ५ सम्मका विद्यार्थीको परम्परागत आन्तरिक परीक्षा बन्द गरी मनोवैज्ञानिक विकल्प तयार गरिनेछ।

५०. एक विद्यालय, एक खेल मैदान नीति: बालबालिकाको शारीरिक र मानसिक विकासका लागि "एक विद्यालय, एक खेल मैदान" नीति अन्तर्गत भौतिक पूर्वाधार भएका विद्यालयहरूमा खेलकुद सामग्री र मैदान निर्माणका लागि अनुदान दिइनेछ।

५१. खेलकुद कार्यक्रम: नगरभित्र लुकेका खेलकुद प्रतिभाहरूको पहिचान र प्रवर्द्धनका लागि वार्षिक रूपमा (राष्ट्रपति रनिङ्सिल्ड, सहिद स्मृति लगायत) खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।

५२. नगरपालिकाको लोकप्रिय कार्यक्रमका रूपमा रहेको प्राविधिक छात्रवृत्ति कार्यक्रमअन्तर्गत नगरका विद्यार्थीहरूका लागि छात्रवृत्तिको दायरा थप विस्तार गरिनेछ।

५३. राष्ट्रिय स्वयंसेवक कार्यक्रम र युवा क्लब: युवाहरूलाई सिर्जनात्मक कार्यमा लगाउन र कुलतबाट बचाउन प्रमुख बस्तीहरूमा खुला व्यायामशाला र युवा क्लबहरूको सुदृढीकरण गरिनेछ। "राष्ट्रिय स्वयंसेवक कार्यक्रम" सञ्चालन गरी डिजिटल साक्षरता र स्थानीय विकासमा युवा परिचालन गरिनेछ।

५४. रोल्पा नगरपालिकालाई मानवीय संवेदनशीलता र सामाजिक उत्तरदायित्वसहित सडकमा आश्रित मानवमुक्त नगरपालिका बनाउने नीति लिइनेछ।

५५. मानव अधिकार र सामाजिक न्यायको सिद्धान्तलाई आत्मसात् गर्दै न्याय सम्पादन प्रक्रियालाई थप सरल, सहज, अनुमानयोग्य र पहुँचयोग्य बनाउन सूचना प्रविधिको प्रयोग गरिनेछ।समता सहितको समानता र सामाजिक समावेशीकरणको प्रत्याभूति सुनिश्चित गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।

५६. बालविवाह मुक्त वडा तथा नगरपालिका घोषणा गर्ने कार्यलाई निरन्तरता दिइनेछ। बालविवाह मुक्त पालिका बनाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५७. आर्थिक र सामाजिक रूपमा विपन्न घरधुरी पहिचानका लागि सम्पन्नता स्तरीकरण गरी परिचयपत्र वितरण तथा जीपीएस मा आधारित घर नम्बर वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

५८. लागु पदार्थ दुर्व्यशनी, साइबर अपराध लैंगिक हिंसा र बाल विवाहबाट बालवालिकामा हुने सम्भावित जोखिम न्यूनीकरण गर्न विद्यालय तथा समुदाय स्तरबाट नै सचेतना कार्यकम संचालन गरिनेछ । लैङ्गिक रुपमा हुने हिंसा न्यूनिकरण तथा आत्मरक्षाको लागि किशोरी आत्मरक्षाका लागि कार्यक्रम संचालन गरिनेछ । समाजमा बढ्दै गएको आत्महत्याको जोखिम र लागु पदार्थको दुर्व्यसनीबाट युवालाई सुरक्षित राख्न विभिन्न विद्यालयहरुमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न विभिन्न निकायहरुसंग समन्वय तथा सहकार्य गरिनेछ ।

५९. सामुदायिक तथा गैर सरकारी संस्थाहरुलाई विकास साझेदारको रुपमा स्वीकार गर्दै उनीहरुलाई नगर क्षेत्र भित्रको सन्तुलित विकास र मानव विकासका क्षेत्रहरुमा व्यवस्थित परिचालन गरिनेछ । उक्त संस्थाहरुको आर्थिक अनुगमन गरी स्थानीय तहमा अनिवार्य प्रतिवेदन पेश गर्न प्रेरित गरिनेछ ।

६०. "विभेद मुक्त नगर: समतायुक्त नगर" निर्माणको लागि नगरस्तरीय रणनीति निर्माण गरी रणनीति बमोजिम उत्थान, विकास र जागरणका कार्यहरु संचालन गरिनेछ । छुवाछुत, सामाजिक

कुरीति, अन्धविश्वास, लैंगिक विभेद र हिंसाका घटनाहरु न्यूनीकरणका लागि टोल विकास संस्था मार्फत सामाजिक परिचालनका कार्यहरु संचालन गरिनेछ ।

६१. बढ्दो शहरीकरण संगै खानेपानीको अभाव कम हुन नदिन खानेपानीको दीर्घकालीन रणनीति र योजना निर्माण गरिनेछ । नगर क्षेत्रका खानेपानी तथा सरसफाई क्षेत्रको अनुगमन गरि स्वच्छ सफा र गुणस्तरीय खानेपानी आपूर्तीको प्रत्याभूति गरिनेछ ।खानेपानी मुहानहरुको संरक्षण गरिनेछ ।

६२. खानेपानीको गुणस्तर परीक्षण गर्नको लागि नगरपालिकाको खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला थप ब्यवस्थित वनाई संचालन गरिनेछ ।नगरभित्र अव्यवस्थित रुपमा फोहोर विसर्जन गर्ने, चर्पिको ढल नालामा मिसाउने तथा पानी पर्ने समयमा सेफ्टी ट्याङ्की खोलेर बजार दुर्गन्धित गर्ने कार्यलाई निरुत्साहन गर्न दण्ड जरिवानाको व्यवस्था गरिनेछ ।

सम्मानित नगर सभाका सदस्यज्यूहरु,
अब म पूर्वाधार विकास अन्तर्गत आर्थिक वर्ष २०८३/०८४ का लागि निर्धारण गरिएका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

६३. नगर क्षेत्रका प्रत्येक वडाका सडक, सिंचाइ, खानेपानी र फोहोरमैला व्यवस्थापन लगायत पूर्वाधार विकास सम्बन्धी कार्यहरुलाई सम्भाव्यता अध्ययन गरी आयोजना बैंक निर्माण गर्ने प्रक्रियालाई अघि बढाईनेछ । नगरका दश वटै वडाका केन्द्रसम्म बर्षैभरी मोटर बाटो सञ्चालनमा रहने गरी पूर्वधार निर्माणलाई प्राथमिक्ता दिइनेछ ।नगर सडक गुरुयोजना कार्यान्वयनमा ल्याईनेछ ।

६४. राष्ट्रिय भवन संहिता को अनिवार्य कार्यान्वयन: व्यवस्थित र सुरक्षित शहरीकरणका लागि नगरपालिका क्षेत्रभित्र निर्माण हुने सबै सरकारी तथा निजी भवनहरूमा "राष्ट्रिय भवन संहिता पालना गरिनेछ।

६५. सुरक्षित नागरिक आवास कार्यक्रम: बाढी, पहिरो र प्राकृतिक विपद्को जोखिममा रहेका घरधुरीको पहिचान गरी उनीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण र पुनर्वास गराउन "सुरक्षित नागरिक आवास कार्यक्रम" अन्तर्गत सङ्घीय र प्रादेशिक सरकारसँग समन्वय गरिनेछ। वास्तविक भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको दीर्घकालीन समस्या समाधानको लागि संघीय सरकार संग सहकार्य गरिनेछ।

६६. नगर क्षेत्र भित्रका भौतिक पूर्वाधारको अवस्था कमजोर भएका आधारभूत तथा माध्यमिक विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गरिनेछ ।

६७. नगरपालिका क्षेत्र भित्रको सडक अन्तर्गत उपयुक्त स्थानहरुमा विद्युतीय सवारी चार्ज गर्नको लागि चार्जिङ्ग स्टेशन स्थापना गर्न सहजिकरण गरिनेछ । नगरपालिकाको केन्द्र लिबाङ बजारको सडक क्षेत्रमा जडान गरिएका स्ट्रिट लाइटलाई व्यवस्थित र दिगो बनाईनेछ । नगर क्षेत्रभित्र रहेका बिद्युतका पुराना पोलहरु व्यवस्थापन गर्न र बिद्युत सम्बन्धी समस्या समाधान गर्न नेपाल विद्युत प्राधिकरण संग आवश्यक पहल तथा समन्वय गरिनेछ ।

६८. सवारी चाप वढी हुने नगरका प्रमुख स्थानहरुमा स्मार्ट पार्किङको व्यवस्था क्रमशः कार्यान्वयन गर्दै लगिनेछ । यात्रु सुरक्षा, ट्राफिक नियमको पालना तथा शहरी सौन्दर्य अभिवृद्धि गर्ने योजना कार्यान्वयनमा ल्याईनेछ ।

६९. नगर कार्यपालिकाको कार्यालय परिसर भित्र निर्माण भएको बहुउद्देश्यीय सभा हललाई बहुउद्देश्यीय उपयोगमा ल्याईनेछ । साझेदार निकाय तथा गैरसरकारी सँस्थाहरुको कार्यक्रम समेत उक्त हलमा सञ्चालन गर्न प्ररित गरिनेछ ।

७०. नगरका वडाहरुमा सिंचाई सम्भाव्यता अध्ययन गरी उपयुक्त स्थानमा सिंचाई सुविधाको विस्तार गरिनेछ । स्थानीय सिमसार क्षेत्र, पानीका मूहान, पोखरी तलाउ र सिंचाइ कुलो संरक्षणको कार्यलाई निरन्तरता दिईनेछ । नगर क्षेत्रको उपयुक्त भौगोलिक स्थानहरु अध्ययन गरी रिचार्ज पोखरीहरुको निर्माण कार्य अगाडी बढाईनेछ ।

७१. नगर उप-प्रमुखको नेतृत्वमा रहेको योजना अनुगमन तथा मूल्याङ्कन समितिलाई योजना कार्यान्वयनको विभिन्न चरणमा प्रत्यक्ष रुपमा आयोजनास्थलमा पुगि चुस्त, पारदर्शी र प्रभावकारी रुपमा योजना/आयोजना अनुगमन गर्ने व्यवस्था गरिनेछ । निर्माण व्यवसायिको ढिलासुस्तीको कारण नगरपालिकालाई हुने क्षती कम गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयसंग आवश्यक समन्वय र सहकार्य गरी निर्माण व्यवसायी र आपूर्तीकर्ताहरुलाई जिम्मेवार र जवाफदेही बनाउने व्यवस्था गरिनेछ ।

७२. हालसम्म विद्युत सुविधा नपुगेका गाउँ, टोल र घरमा बिजुली बत्ती पुग्ने गरी संघीय तथा प्रदेश सरकारसंग समन्वय र सहकार्य गर्ने विशेष पहल गरिनेछ ।

७३. नगरभित्रको सडक कालोपत्रे /ढलान गर्दा सडकका प्रारम्भिक संरचनाहरु तयार गरी मात्र कालोपत्रे वा ढलान गर्ने नीतिलाई अबलम्बन गरिनेछ । पूर्वाधार निर्माण गर्दा विभिन्न निकायहरु (जस्तैः विद्युत प्राधिकरण, खानेपानी, टेलिकम आदी) बीच आपसी समन्वय र सहकार्य गरिनेछ । माडिचौरमा अगाडी बढाइएको घनाबस्ती कार्यक्रमलाई एकीकृत पूर्वाधार विकास सहित "स्मार्ट भिलेज" बनाउनका लागि प्रदेश तथा संघीय सरकार समक्ष पहल तथा सहकार्य गरिनेछ ।
७४. सार्वजनिक जग्गाको डिजिटल नक्साङ्कन: सार्वजनिक जग्गाको संरक्षण, र अव्यवस्थित बसोबास रोक्न सबै बस्तीमा "सार्वजनिक जग्गा अभिलेखीकरण र नक्साङ्कन" कार्य सम्पन्न गर्न सहकार्य गरिनेछ।

७५. रोल्पा नगरपालिका वडा नं. २ रेउघाको बसपार्कलाई व्यवस्थित, सुरक्षित, यात्रुमैत्री र दिगो रूपमा सञ्चालन गरी यातायात व्यवसायी, ट्राफिक प्रहरी, स्थानीय प्रशासन तथा सरोकारवाला निकायहरूसँगको समन्वयमा बसपार्क व्यवस्थापन, सरसफाइ, सुरक्षा, पार्किङ, सूचना प्रणाली व्यवस्थीत गरिनेछ।

सम्मानित नगर सभाका सदस्यज्यूहरु ,
अब म वन वातावरण तथा विपद व्यवस्थापन तर्फ आर्थिक वर्ष २०८३/०८४ का लागि निर्धारण गरिएका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।
७६. वन क्षेत्रलाई समृद्धिको आधारको रुपमा विकास गरी वनबाट आम्दानी, रोजगारी सृजना र जीवनस्तर उकास्न जडिबुटी र जैविक विविधताको संरक्षण र संवर्द्धन गरिनेछ । सफा सुन्दर र हरियाली नगरपालिका निर्माणका लागि हरित सडक, खोला खोल्सामा वृक्षारोपण, भू–क्षय संरक्षणको कार्य अगाडी बढाईनेछ ।

७७. नगरपालिकाले संचालत गर्दै आईरहेको हरियाली प्रवर्द्धन तथा नगर सरसफाई अभियानलाई थप विस्तार तथा व्यवस्थित गर्दै नगर तथा राष्ट्रिय जीवनका विभिन्न विधामा योगदान पुर्याउने महानुभावहरुलाई वृक्षारोपण कार्यमा सहभागी गराई *हरित नगरपालिकाको* रुपमा स्थापना गरिनेछ ।

७८. जैविक इन्जिनियरिङ र पहिरो न्यूनीकरण: सडक निर्माण गर्दा जैविक इन्जिनियरिङ प्रविधि र अनिवार्य रूपमा पर्याप्त नाला निर्माण गर्ने नीति लिइनेछ।

७९. नदी तथा खोलाहरुमा बिषादी तथा विष्फोटक पदार्थ र करेन्ट प्रयोग गरी जलचरहरुको अस्तित्व समाप्त गर्ने गतिविधिहरुलाई पूर्ण रुपमा निस्तेज गरिनेछ । नगर प्रहरी इकाईलाई समय समयमा नदी क्षेत्रमा गस्तीका रुपमा परिचालन गरिनेछ ।

८०. विपद् व्यवस्थापनको रणनैतिक योजना तयार गरी नगरस्तरीय आपतकालीन कार्य संचालन केन्द्रलाई व्यवस्थित गर्दै उक्त केन्द्रमा विपद् व्यवस्थापनका लागि आवश्यक सामग्रीहरुको व्यवस्थापन गरिनेछ ।

८१. वातावरणीय सन्तुलन कायम गर्न टेवा पुर्याउने गरी सामुदायिक तथा संस्थागत विद्यालयलाई नि:शुल्क रुपमा बिरुवा वितरण गरी वृक्षारोपण र संरक्षणको व्यवस्था मिलाइने छ ।

सम्मानित नगर सभाका सदस्यज्यूहरु,
अब म सुशासन तथा संस्थागत क्षमता विकास र सेवा प्रवाह तर्फ आर्थिक वर्ष २०८३/०८४ का लागि निर्धारण गरिएका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

८२. नगरको सेवा प्रवाहलाई चुस्त दुरुस्त एवं पारदर्शी बनाउनका लागि सूचना प्रविधि तथा विद्युतिय उपकरणहरुको प्रयोगबाट सेवा प्रवाह गर्ने नीति अंगिकार गरिनेछ ।

८३. डिजिटल सेवा पोर्टल र ई-हाजिरी: नगरपालिकाको प्रशासनीक सेवा प्रवाहलाई चुस्त, पारदर्शी र झन्झटमुक्त बनाउन नगरपालिका र सबै १० वटै वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालयहरूमा अनिवार्य रूपमा "ई-हाजिरी र "डिजिटल सेवा पोर्टल  लागू गरिनेछ।

८४. कर्मचारीलाई कार्यसम्पादनका आधारमा दण्ड पुरस्कार गर्ने नीति अंगिकार गरिनेछ । उत्कृष्ट करदाता, कर्मचारी , शिक्षक, विद्यार्थी खेलाडी संचारकर्मी, कृषक, पर्यटन व्यवसायी तथा साझेदार निकायलाई पुरस्कृत तथा सम्मान गरिनेछ । नगरपालिकाका कर्मचारीहरुको कार्यसम्पादनलाई नतिजासंग जोड्न र कार्यसम्पादन सूचकमा आधारित प्रोत्साहन प्रणाली लागु गरिनेछ ।

८५. नगरको सेवा प्रवाहको बारेमा सेवाग्राहीको सन्तुष्टी मापन गर्नका लागि Citizen Exit Pool को व्यवस्था गरी सन्तुष्टी मापन र सुझाव तथा गुणासोको सम्बोधन गर्ने प्रणालीको विकास गरिनेछ ।

८६. "हाम्रो कर, हाम्रै विकास; समृद्ध रोल्पाको साझा प्रयास।" भन्ने आदर्श बाक्यलाई अंगिकार गरी नागरिकमा कर तिर्ने र नगरको विकासमा सहभागी हुने प्रणालीको विकास गर्न करदाता शिक्षा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८७. उपभोक्ता समितिको खर्च मितव्ययिता र सेवाग्राहीहरुको सहजताको लागि वडा कार्यालयहरुबाट कार्यान्वयन हुने योजनाहरुको वडा कार्यालयहरुमा नै गई योजना सम्झौता गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।तिन लाखसम्मका योजनाहरूको कार्यान्वयन अनुगमन मूल्याङ्कन सम्बन्धित वडा कार्यालयमार्फत गर्ने व्यवस्था मिलाइनेछ।

८८. न्यायिक समितिको अधिकार क्षेत्रभित्रका विवादहरूलाई आपसी मेलमिलाप, समझदारी र कानुनी प्रक्रियामार्फत समयमै समाधान गरिनेछ। न्यायिक समितिको कार्यसम्पादनलाई स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीका सूचकअनुरूप व्यवस्थित गर्न विवाद दर्ता, सुनुवाइ, मेलमिलाप, निर्णय, कार्यान्वयन तथा अभिलेखीकरण प्रणालीलाई थप प्रभावकारी बनाइनेछ। अधिकार क्षेत्रभन्दा बाहिरका विषयमा सम्बन्धित न्यायिक निकायमा जान आवश्यक सहजीकरण तथा सिफारिस गरिनेछ। न्याय सम्पादन र मेलमिलापसम्बन्धी सचेतना अभिवृद्धिका लागि अभिमुखीकरण तथा अध्ययन अवलोकन कार्यक्रम सञ्चालन गरिनेछ।

८९. रोल्पा नगरपालिकाको समग्र विकासमा स्थानीय सिर्जनशीलता, प्रविधि र नवप्रवर्तनलाई जोड्न “मेयरसँग नवप्रवर्तन कार्यक्रम” सञ्चालन गरिनेछ। यसअन्तर्गत युवा, विद्यार्थी, उद्यमी, कृषक, महिला समूह तथा स्थानीय समुदायबाट प्राप्त नवीन सोच र समाधानमुखी प्रस्तावहरूलाई छनोट गरी बीउ पूँजी, प्राविधिक परामर्श, उद्यम विकास सहयोग तथा कार्यान्वयन सहजीकरण गरिनेछ।

९०. सहभागितामूलक योजना तर्जुमा प्रणाली: योजना तर्जुमा प्रक्रियालाई जनमुखी र पारदर्शी बनाउन टोल, बस्ती र वडास्तरबाट आउने मागहरूलाई प्राथमिकताका आधारमा छनोट गर्ने "सहभागितामूलक योजना तर्जुमा प्रणाली" लाई अझ व्यवस्थित वनाइनेछ ।

९१. डिजिटल राजस्व प्रणाली: नगरको आन्तरिक राजस्व सुदृढीकरणका लागि "करको दायरा विस्तार, दर होइन" भन्ने मूल सिद्धान्तका आधारमा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ र व्यवसाय दर्ता, नवीकरण तथा कर भुक्तानी प्रणालीलाई पूर्णतः डिजिटल सिस्टम बनाइनेछ।

९२. निर्णय प्रक्रिया सरलीकरण: सेवा प्रवाहमा विद्यमान दोहोरोपन र ढिलासुस्ती अन्त्य गर्न निर्णय प्रक्रियामा रहेका तहलाई बढीमा तीन तहमा सीमित गरिनेछ ।

९३. एक परिचयपत्र नीति र **Auto-fill** प्रणाली: सङ्घीय राष्ट्रिय परिचयपत्र डेटाबेससँग प्रणाली अन्तरआवद्ध गरी नागरिकले विवरण बुझाउँदा अनलाइन फारममा 'Auto-fill' हुने र 'एउटा विवरण एकपटक मात्र बुझाउने' सिद्धान्त लागू गरिनेछ।

९४. भष्टाचार विरुद्ध शून्य सहनशीलता र ई-टेन्डर: भ्रष्टाचार र अनियमितता विरुद्ध शून्य सहनशीलता नीति अख्तियार गर्दै नगरपालिकाका खरिद प्रक्रियामा ई-टेन्डर प्रणाली र सार्वजनिक सुनुवाइ लागू गरिनेछ।

९५. चौमासिक आन्तरिक लेखापरीक्षण: आर्थिक अनुशासन कायम राख्न प्रत्येक चौमासिकमा आन्तरिक लेखापरीक्षण गरी वित्तीय विवरणहरू सार्वजनिक र वेबसाइटमा अपडेट गरिनेछ।

९६. नगर विपद् व्यवस्थापन कोष सुदृढीकरण: प्राकृतिक विपदहरूको सामना गर्न र जोखिम न्यूनीकरणका लागि "नगर विपद् व्यवस्थापन कोष" लाई सुदृढ बनाई वडा स्तरमा पूर्व सूचना प्रणाली र डिजिटल प्रविधि जडान गरिनेछ।

९७. तीन तहको सरकारबीच समन्वय: सङ्घीय, प्रादेशिक र स्थानीय सरकारबीचको नीतिगत समन्वयलाई मजबुत बनाउँदै सङ्घीय सरकारका एक सय सूचक र दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गरिनेछ।

९८. नगरपालिकाको एकल  अधिकार क्षेत्रभित्र पर्ने अधिकारका विषयहरुको कार्यान्वयनका लागि नगरपालिकाले निर्माण गर्नुपर्ने कानूनहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ। नगरपालिकाको कृषि एम्बुलेन्स लगायत सवारी साधनहरुको कार्यविधि तयार गरी भाडामा लगाउने कार्यलाई व्यवस्थित गरिनेछ ।

९९. नगर सभा र नगर कार्यपालिकाका विषयगत समितिहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ । सार्वजनिक लेखा समितिले बेरुजुहरुको संपरीक्षण तथा फछ्र्यौट गर्ने कार्यमा कार्यतालिका बनाई परिचालन गरिनेछ। सार्वजनिक खर्चको प्रभावकारीतामा जोड दिदै आर्थिक कियाकलाप संचालन गर्दा विनियोजन कुशलता, खर्चमा दक्षता र आर्थिक अनुशासनको मान्यतालाई अबलम्बन गरिनेछ ।

१००. सभ्य तथा सु-संस्कृत नगरपालिका निर्माणको लागि धुम्रपान, मद्यपान तथा लागुपदार्थको प्रयोगलाई नियन्त्रण गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । युवा तथा किशोर अवस्थामा गलत बाटो रोज्न सक्ने कुरालाई ध्यानमा राखि किशोर किशोरीको अभिमुखिकरण गरिनेछ ।

सम्मानित नगर सभाका सदस्यज्यूहरु,
"रोल्पा नगर सुशासन र समृद्धिको आधार: कृषि, शिक्षा, पर्यटन र पूर्वाधार" को लक्ष्य रहेको रोल्पा नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को यस नीति तथा कार्यक्रमले राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको प्रभावकारी कार्यान्वयन गर्दै जनताको सुशासन,  सामाजिक न्याय र समृद्धिको आकाङ्क्षालाई आत्मसात् गरेको छ । उच्च, दिगो र समावेशी आर्थिक वृद्धिमा योगदान गर्ने क्षेत्रमा लगानी वृद्धि गरी सबल र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न यस नीति तथा कार्यक्रमको कार्यान्वयनबाट नगरबासीको सुरक्षा, सामाजिक संरक्षण शिक्षा स्वास्थ्य जस्ता सेवा सहज रुपमा उपलब्ध भई सामाजिक न्याय कायम गर्न मद्दत गर्नेछ । यसबाट नागरिकको जीवनस्तरमा गुणात्मक सुधार आई जनताको विकास र सुशासनप्रतिको उच्च अपेक्षालाई सम्बोधन गर्दै नगरलाई समृद्घ बनाउन सहयोग पुग्नेछ ।

नेपाली जनताको ठूलो त्याग,  सङ्घर्ष र बलिदानबाट स्थापना भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको संरक्षण र संवर्द्धन गर्दै लोकतान्त्रिक र जनउत्तरदायी राजनीतिक व्यवस्थाको माध्यामबाट नगरलाई सुशासन र अग्रगमनको दिशामा अघि बढाउन स्थानीय सरकार सधै दृढ सङ्कल्पित छ । अन्त्यमा, नगरको विकासमा योग्दान गर्ने राजनीतिक दल,  राष्ट्रसेवक, श्रमिक, नीजि, सहकारी र सामुदायिक क्षेत्र, नागरिक समाज, सञ्चारजगत् लगायत सम्पूर्ण

दिदीबहिनी तथा दाजुभाईहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । नगर विकासमा सहयोग पुर्याउने संघीय सरकार, प्रदेश सरकार र विभिन्न विकास साझेदारहरुमा पनि धन्यवाद दिन चाहान्छु ।

सुरेन्द्र थापा (घर्ती)
नगर प्रमुख
रोल्पा नगरपालिका, रोल्पा